**निर्देशन :**

- एउटा सेटको उत्तर लेखिसकेपछि मात्र अर्को सेटको उत्तर लेख्न थाल्नुपर्नेछ ।
- उत्तर लेख्दा क्रमशः प्रश्न नं. १ देखि १६ सम्म लेख्नुपर्ने छ ।

GLOBAL COLLEGE OF MANAGEMENT

# नमुना प्रश्नपत्र-२०७७

**कक्षा : ११ विषय : अनिवार्य नेपाली (NEP. 0011) पूर्णाङ्क : ७५**

## नमुना प्रश्न सेट - १

१. **दिइएको अनुच्छेदका रेखाङ्कित वर्णहरूको उच्चारण स्थान र उच्चारण प्रयत्न छुट्याई लेख्नुहोस् :** (३)
यो त मधेसमा कतै जागिरे पो होला जस्तो छ ।

२. **शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :** (३)
परदेशीले अहिले सम्म उसको मुखमा हेरिरहेको थियो । सुदुर क्षितिजबाट आएको ध्वनि झैँ सानिको मुखबाट निस्क्यो - अँ, सानी मै हुँ । परदेशी बल्ल झशङ्ग भयो । ऊसले सानीलाई त चिन्न सकेको रहेनछ ।

३. **रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** (२)
सानीले सबै जनासँग परिचय गरी । पछाडि बसेकी अर्की सानी केटीले केही जान्ने उत्सुकता देखाउँदै थिई ।

४. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (२+२)
(क) **दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस्:**
जलक्रीडाहरू र्‍यापिटङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्य विहार आदिका सम्बन्धमा पनि पर्यापर्यटनका सिद्धान्त र आचारसंहिता पालना हुनुपर्छ ।
(ख) **तल दिइएका शब्दहरूलाई शब्दकोशको क्रममा मिलाएर लेख्नुहोस् :**
दायित्व, खनिज, देउडा, त्रिभुवन ।

५. **दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)
यदि कुनै ऐन र सो ऐनका प्रावधानहरू संविधानसँग बाझिएमा बाझिएको हदसम्म कानुनको त्यो व्यवस्था बदर गर्न अदालतमा मुद्दा परेमा अदालतले त्यसलाई बदर गर्छ ।

**अथवा**

**दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
जसले मह काढ्छ, त्यसले हात चाट्छ भने झैँ सुकृतिको निरन्तरको सफलताले उसका साथीहरूको टाउको कटकट खायो । उनीहरूले पनि रात रहे अग्राख पलाउँछ भन्ने सोचेर अब हात बाँधेर बस्नु हुँदैन भन्दै पढाइमा खुरुखुरु लाग्ने निर्णय गरे ।

६. **कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् :** (२×२=४)
(क) **अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**
इमानदार मानिसले परिश्रमलाई पूजा मान्दछ । ऊ बेमतलबमा मूल्यवान् समयलाई खेर फाल्दैन । यस्तै सोचाइ भएका मानिसको प्रगति पनि हुनुपर्छ ।
(ख) **तलको अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश लेख्नुहोस् :**
घरको काम छाडेर नजिकैको चौबाटोमा बसेर गफसफ चुट्ने अनि कसैको सरसल्लाह सुन्नुभन्दा अरूको घरका दैला दैलामा पुगेर छरछिमेकलाई विनाश्रम देशविकास हुन सक्छ, राष्ट्रसेवामा जुटौँ भनी गफ दिने नयाँघरे माल्दाइलाई जजसले भेटे ती सबैले आफू भने ससाना माखासम्म नमार्ने अनि अरूलाई गफ दिने भनी व्यङ्ग्य गरे ।
(ग) **अनुच्छेदबाट चारओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**
सर्वोच्च हिमशृङ्खलाको अनुपम सौन्दर्यबाट मोहित नागरिकलाई युरोपेली आधुनिक परिवेशले किन आकर्षित गर्थ्यो र । प्राकृतिक रसास्वादनको झझल्को मनमा बसेपछि घरेलु स्वागत सम्झेर रातारात तिनीहरू खुरुरु फर्किए ।

७. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **तलका वाक्यहरूलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
तिनी निषेधाज्ञाको वेलामा सडकमा हिँड्दै थिइन् । तैँले तिनीलाई आफ्नै घरबाट देखेको थिइस् । तिमी भने घरमा नै बसेका रहेछौ । तिनले तँलाई देखिनछिन् ।
(ख) **दिइएको अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
म बजारतिर जाँदै थिएँ । तिमी सामान किन्दै थियौ । मैले यो सबै देखेकी थिएँ । तिमीले कसैको वास्ता गरिनछौ ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **तलको गद्यांशबाट दुईओटा उद्देश्य र विधेय तथा दुईओटा उद्देश्य विस्तार र विधेय विस्तार पद पहिचान गरी लेख्नुहोस् :**
आज बिहान भक्तहरू दर्शनका लागि मन्दिर गए । उनीहरूले मन्दिरमा पूजा गरे । मन्दिरबाहिर जीवित देवता हात फैलाएर बसेका थिए । भक्तहरूले वास्तविक देवता चिनेनन् ।

**अथवा**

**दिइएको अनुच्छेदलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

मेरो बहिनी इमानदार छिन् । उनी घरको काममा आमालाई सघाउँछे । आमा बजारबाट बहिनीलाई राम्रो राम्रो कोसेली पनि ल्याइदिनुहुन्छ । कोसेली पाएपछि मेरी बहिनी खुसी हुन्छन् ।

**(ख) तलको अनुच्छेदमा दिइएका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

सर्वधन देशको परिस्थितिबाट ज्यादै सन्तुष्ट छ । उसले स्वदेशमा गरेका कामहरू सबै सफल भए । उसले विदेश जानुपर्ने कारण देखेन । त्यसैले ऊ वैदेशिक रोजगारीका लागि विदेश गएन ।

**अथवा**

**तलका वाक्यहरू प्रत्यक्ष कथनमा भए अप्रत्यक्ष कथनमा र अप्रत्यक्ष कथनमा भए प्रत्यक्ष कथनमा परिवर्तन गरी लेख्नुहोस् :**

(अ) उसले भन्यो - “तिमीले गृहकार्य सिध्यायौ ?”

(आ) मैले आफूलाई उत्तर नै नआएको कुरा बताएँ ।

(इ) उसले भन्यो - “तिमीलाई म सिकाउँला नि ।”

(ई) मैले उसलाई धन्यवाद भन्दै कृतज्ञता दिएँ ।

९. **तलका दुवै प्रश्नको उत्तर दिनुहोस् :** (४+४=८)

(क) तल दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुना कुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ । रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसै गरी रेल, मोटर, पानीजहाज हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणामस्वरूप ‘यन्त्रमानव’ आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ । यन्त्रमानव भनेको मानिसले जस्तै काम गर्न सक्ने एउटा स्वचालित यन्त्र हो । यसले मानिसलाई वैज्ञानिक, औद्योगिक, घरायसी आदि विविध क्षेत्रमा सघाउने काम गर्छ ।

**प्रश्नहरू :**

(अ) सञ्चारका माध्यम तथा यातायातका साधनले संसारलाई कसरी नजिक बनाएका छन्?

(आ) यन्त्रमानवले मानिसलाई कसरी सघाउँछ ?

(इ) वैज्ञानिका क्षेत्रमा भएको आशातीत प्रगतिले मानवजीवनलाई कस्तो बनाएको छ ?

(ई) ‘वैज्ञानिक’ र ‘अनुसन्धान’ शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् ।

(ख) तल दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको सही उत्तर पहिचान गरेर लेख्नुहोस् :

कृषियुगको प्रारम्भ भएपछि मानवसभ्यताको विकासमा अतुलनीय र दूरगामी प्रभाव पर्‍यो । कृषि उत्पादनबाट आवश्यक खाद्यआपूर्ति सुनिश्चित भएपछि मानिसले स्थायी वासस्थान निर्माण गर्न थाल्यो र गाउँसहरको निर्माण भयो । यसै गरी मानिसले आफ्नो बचेको समय, चिन्तन मनन तथा प्रकृतिका नियम बुझ्ने काममा प्रयोग गर्न थाल्यो । फलस्वरूप ज्ञानविज्ञानको क्षेत्रमा ठुलो प्रगति भयो र मानिसको जीवनशैलीमा निकै परिवर्तन भयो । हाल मानिसले खाद्यबालीका रूपमा प्रयोग गर्दै आएका प्रमुख वनस्पति हाम्रा पूर्वजले हजारौं वर्षअघि विकास गरेका र उमारेका वनस्पतिमा आधारित छन् । आज पनि मानिसले आफूलाई आवश्यक दैनिक पोषणशक्तिको ६० प्रतिशत तीन प्रकारका अन्नबाली गहुँ, चामल र मकैबाट प्राप्त गर्दै आएका छन् । यसै गरी गहुँ, चामल, मकै, आलु, सखरखन्ड र दक्षिण अमेरिकामा पाइने एक प्रकारको खाद्यवस्तु कसाभा गरी ६ प्रकारका खाद्यवस्तुबाट विश्वभरका मानिसको ८० प्रतिशत पोषणशक्तिको आपूर्ति हुने गरेको छ । हाल विश्वभरिका मानिसले बढी प्रयोगमा ल्याउने खाद्यबाली गहुँ, चामल, मकै, जुनेलो, जौ, कोदो, आलु, सखरखन्ड, भटमास, गोलभिँडा, केरा, स्याउ, सुन्तला, उखु, नरिवल आदि २० प्रकारका छन् ।

**प्रश्नहरू :**

(क) ‘पूर्वज’ र ‘खाद्यबाली’ शब्दको अर्थ के हो ?

(अ) पूर्वज-पुर्खा वा अग्रज
खाद्यबाली - खाद्यान्न

(आ) पूर्वज - पछिको पुस्ता
खाद्यबाली - खानेपानी

(इ) पूर्वज - पुर्खा वा अग्रज
खाद्यबाली - खान नहुने कुरा

(ई) पूर्वज - पूर्व दिशाको मान्छे
खाद्यबाली - खानेकुरा

(ख) मानिसको जीवनमा कसरी परिवर्तन आयो ?

(अ) मानिसले आफ्नो बचेको समय चिन्तन गर्न थालेकाले

(आ) मानव सभ्यताको विकासमा अतुलनीय प्रभाव परेकाले

(इ) ज्ञानविज्ञानका क्षेत्रमा ठुलो प्रगति आएकाले

(ई) गाउँसहरको निर्माण भएकाले

(ग) माथिको अनुच्छेदमा प्रत्यय लागेर बनेका शब्दमध्ये दुई शब्द कुन कुन हुन् ?

(अ) दिइएको अनुच्छेदमा प्रत्यय लागेर बनेका दुई शब्द ‘सभ्यता’ र ‘आधारित’ हुन् ।

(आ) दिइएको अनुच्छेदमा प्रत्यय लागेर बनेका दुई शब्द ‘आधारित’ र ‘नरिवल’ हुन् ।

(इ) दिइएको अनुच्छेदमा प्रत्यय लागेर बनेका दुई शब्द ‘प्रतिशत’ र ‘सभ्यता’ हुन् ।

(ई) दिइएको अनुच्छेदमा प्रत्यय लागेर बनेका दुई शब्द 'विज्ञान' र 'प्रगति' हुन् ।

(घ) मानिसका लागि दैनिक आवश्यक पर्ने तीन खाद्यबाली के के हुन् ?

(अ) मानिसका लागि दैनिक आवश्यक पर्ने तीन खाद्यबाली गहुँ, चामल र कोदो हुन् ।

(आ) मानिसका लागि दैनिक आवश्यक पर्ने तीन खाद्यबाली चामल, मकै र आलु हुन् ।

(इ) मानिसका लागि दैनिक आवश्यक पर्ने तीन खाद्यबाली गहुँ, चामल र मकै हुन् ।

(ई) मानिसका लागि दैनिक आवश्यक पर्ने तीन खाद्यबाली गहुँ, मकै र कोदो हुन् ।

**१०. तलको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गरेर एक तृतीयांशमा सारांश लेख्नुहोस् : (२+२=४)**

साहित्य के हो ? थाहै नपाई साहित्यसँग मानिसको साइनो बस्दो रहेछ । केही थाहा पाउन थालेदेखि नै साहित्य मानिसलाई मन पर्न पनि थाल्दो रहेछ । यसरी साहित्य प्रिय लागिरहे पनि साहित्यको पहिचान र पारख गर्नुचाहिँ त्यति सहज र सुगम नरही चुनौतीपूर्ण नै रहँदै आएको छ । साहित्य छ र हुन्छ अनि हामी त्यसलाई केही चिन्दछौँ र त्यसको प्रयोग वा उपयोगसमेत गरिरहेका हुन्छौँ तापनि त्यो के हो वा कस्तो हुन्छ र त्यसका केकस्ता विविध प्रकार देखिन आएका छन् भनी सोधनी गर्न लाग्नासाथ अनेक कठिनाइसँग हाम्रो जम्काभेट हुन थाल्दछ । यस्ता जिज्ञासाले साहित्यका जुन तत्त्व मीमांसातर्फ हामीलाई डोऱ्याउँछन् त्यो नै साहित्यको शास्त्र हो । वनस्पतिहरू छन् र नै वनस्पतिशास्त्रको अपेक्षा भई त्यसको उठान र विकास भए जस्तै साहित्य हामीसँग भएकाले नै हामीलाई साहित्यको शास्त्र चाहिने हुन्छ । सक्षम साहित्यशास्त्र त्यही हो, जसले साहित्यको पर्याप्त पहिचान र सही पारखका क्रममा समालोचनाकर्मी वा समालोचकलाई पनि सघाउँछ । त्यसैले साहित्यशास्त्र वा साहित्यसिद्धान्तको अर्को नाउँ समालोचनासिद्धान्त पनि हो । कुनै भाषाको कुनै स्रष्टाका खास कृति वा कृतित्वबारेको समालोचना प्रायोगिक वा व्यावहारिक समालोचना हो भने साहित्यको स्वरूप, हेतु, प्रकार, प्रयोजन आदि सम्बन्धी मीमांसाचाहिँ सैद्धान्तिक समालोचना हो, जसले सिद्धान्ततः साहित्यलाई चिनाउनुका साथै त्यसको समालोचनात्मक पारखका निम्ति सैद्धान्तिक मार्गदर्शनमार्फत एकल वा बहुल उपयुक्त पद्धतिसमेत प्रदान गरी सघाउने गर्दछ ।

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) आफू अध्ययनरत सामुदायिक विद्यालयको भौतिक संरचना अत्यन्त जीर्ण भइसक्दा पनि त्यसको पुनर्निर्माण र नयाँ संरचना निर्माणमा चासो नदेखिएका विषयमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने उद्देश्यले कुनै राष्ट्रिय स्तरको पत्रिकाका सम्पादकलाई लेखिने चिठीको नमुना तयार पार्नुहोस् ।

(ख) वि.सं. २०४१ साउन १३ गते शीतलबजार, कास्कीमा जन्मिएर वि.सं. २०७७ असार १८ गते कोभिड-१९ को सङ्क्रमणका कारण शुकदेव बरालको निधन भएकामा निजका साथीहरूका तर्फबाट सञ्चार माध्यममा प्रकाशन गरिने श्रद्धाञ्जलि सन्देशको नमुना तयार पार्नुहोस् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) अर्थुङ्गे मा वि, म्याग्दीमा सम्पन्न भएको कविता प्रतियोगिताको एक प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'वातावरण संरक्षणमा नागरिकको भूमिका' शीर्षकमा एउटा वक्तृता तयार पार्नुहोस् ।

**१३.** सडकमा छोडिएका चौपायालाई व्यवस्थापन गर्ने आधुनिक युवाहरूको सोच र कार्य तपाइँलाई कस्तो लाग्यो ? कारणसहित प्रतिक्रिया लेख्नुहोस् । (४)

**१४. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : (४×२=८)**

(क) तल दिइएको संवादांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाट बिक्छ, बजारको कुनै समस्या छैन ।

**प्रश्नहरू :**

(अ) प्राकृतिक खेतीका केकस्ता फाइदा छन् ?

(आ) मन परेको काममा कमाइ थोरै भए पनि किन चित्त बुझ्छ होला ? तर्कसहित लेख्नुहोस् ।

(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो । संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो । हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ । दसैं हाम्रो संस्कृति हो । तिज, बुद्धपूर्णिमा, उँधौली, उभौली, ल्होसार, क्रिसमस, इद सबै हाम्रा संस्कृति हुन् । सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु, यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नै पर्छ । संस्कृतिका नाममा लिङ्ग, वर्ग, जातिका आधारमा हुने भेद विकृति हुन् । ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ ।

**प्रश्नहरू :**

(अ) संस्कृति भनेको के हो ?

(आ) संविधानले सुनिश्चित गरेका सांस्कृतिक विषयहरू के के हुन् ?

(ग) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओराहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौँ र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौँ र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । “यहीँनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।” ऊ पानी लिएर आइसकेको थियो ।

**प्रश्नहरू**

(अ) खोलाले रुवायो भन्ने कुरा मात्र गर्दा कसरी अन्याय हुन्छ ?

(आ) ‘म’ पात्रका खोलासँगका बालअनुभूति कस्ता छन् ?

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (८)

(क) ‘त्यो फेरि फर्कला ?’ कथाले केकस्तो मनोविज्ञान प्रस्तुत गरेको छ ? विवेचना गर्नुहोस् ।

(ख) नेपालको पर्यापर्यटनको विकासमा स्थानीय समुदाय र सरकारको भूमिका उल्लेख गर्नुहोस् ।

**१६. तलका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** (८)

(क) सङ्क्रामक रोग र नियन्त्रणका उपायहरू

(ख) नेपालमा कृषिको विकास

(ग) मेरो पढ्ने बानी ।

*******

## नमुना प्रश्न सेट - २

१. **दिइएको अनुच्छेदका रेखाङ्कित वर्णहरूको घोषत्व र प्राणत्व छुट्याई लेख्नुहोस् :** (३)

हामी अमृतसमान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)

उता चाहिँ जङ्गलकै ढाचामा खेती गर्नु भएको छ । एता पनि खेतबारीको वरिपरी रुखहरू रोप्नूभएको छ । यसैको छायाले बालीनाली बिगार्दैन

३. **अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** (२)

ऊ **ज्यादा** थाकेको थियो । उसले आज **ज्यादा** काम गर्नुपर्‍यो भनी **उनी** बताउँदै थिइन् **त** ।

४. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (२×२=४)

(क) **दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :**

आजभोलि सूचना प्राप्त गर्ने प्रशस्त माध्यमहरू रहेका छन् ? पहिला जस्तो अखबार र रेडियोको मात्र भर पर्नुपर्दैन । टेलिभिजन र इन्टरनेट पनि सूचना प्राप्त गर्ने मुख्य स्रोत बनेका छन् ।

(ख) **दिइएका शब्दहरूलाई शब्दकोशीय क्रममा मिलाई लेख्नुहोस् :**

चिरायु, क्षतिपूर्ति, ज्ञानोदय, खगोल ।

५. **दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)

हिजोभन्दा आज हरेक सङ्क्रामक रोगको उपचार खोपद्वारा सम्भव हुँदै गएको छ । देशमा कुपोषणबाट मृत्यु हुने बालबालिकाहरूको तथ्याङ्क सार्वजनिक गरिएको अभिलेखबाट थाहा पाउन सकिन्छ ।

**अथवा**

**दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हुने बिरुवाको चिल्लो पात भने झैँ सबै साथीलाई मेख मार्दै परीक्षामा प्राप्त गरेको स्वप्निलको सफलताबाट उसका अभिभावक खुसीले गद्गद भए । अकबरी सुनलाई कसी लगाउनु पर्दैन भन्दै मेधावी विद्यार्थी स्वप्निलले सबैको नाक राखेकामा आफूलाई धेरै खुसी लागेको कुरा विद्यालयका प्रधानाध्यापकले मुसुमुसु हाँस्दै सबैलाई बताए ।

६. **कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** (२×२=४)

क) **अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

प्रमुख दलहरूले जिम्मेवारी सम्झेर देशलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्य र राष्ट्रिय अभिभारा बुझेर सकेसम्म चाँडै नै निकास दिने काममा केन्द्रित हुनु अत्यावश्यक छ ।

(ख) **अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश छुट्याउनुहोस् :**

देशहितमा लागेका पीताम्बर र नीलकण्ठ आआफ्नो कर्तव्य पूरा गर्दै गाउँबस्तीको उन्नतिमा मनवचनकर्मले लागेका छन् । एकअर्कामा सरसहयोग र मरमदत मर्ने अनि सुखदुःखमा साथ दिन उनीहरूको आनीबानीको छरछिमेकमा मुक्तकण्ठले प्रशंसा हुने गरेको छ ।

ग) **अनुच्छेदबाट चारओटा सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस् :**

हाम्रा देशको हिमाली सौन्दर्य, प्राकृतिक भूबनोट पुरातात्विक महत्त्वका वस्तुहरूको अवलोकन गर्न विदेशी पर्यटकहरू नेपालमा आउँछन् । उनीहरू नेपालीहरूको आतिथ्य सत्कारबाट हर्षित हुँदै हँसिलो अनुहार लगाई स्वदेशतर्फ फर्कन्छन् ।

७. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **दिइएको अनुच्छेदलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

मैले गाउँमा पुरानो साथीलाई भेटेँ । हामीले चराहरू र जलचरहरूका बारेमा धेरै बेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । उसका कुरा सुनेर मेरा साथीहरू दङ्ग परे ।

(ख) **तलको अनुच्छेदका वाक्यलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :**

ऊ लुम्बिनी पुगेको छ । उसले स्वर्गद्वारीको भ्रमण पनि गरेको छ । ऊ जनकपुर गएको छैन । ऊ मनाङ पनि जान चाहन्छ ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **तलका गद्यांशबाट दुईओटा उद्देश्य र विधेय तथा दुईओटा उद्देश्य विस्तार र विधेय विस्तार पद पहिचान गरी लेख्नुहोस् :**

हजुरबुबाकी प्यारी नातिनी स्वागता नृत्यकलामा ज्यादै निपुण छे । पढाइमा अब्बल स्वागताले चित्रकलामा पनि थुप्रै पुरस्कार जितेकी छ । वृद्ध उमेरका उसका हजुरबुबा नातिनीको प्रगतिमा सन्तुष्ट हुनुहुन्छ । परिश्रमी स्वागता घरका सबैकी प्रिय सदस्य बनेकी छ ।

**अथवा**

**दिइएको अनुच्छेदलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

हाम्रो साथीहरू पढाइमा ध्यान दिँदैनन् । तिनीहरू मिठो खानेकुराहरू खान रुचि देखाउँछन् । मेरी आमा अल्छीले मिठो खानेकुराको अपेक्षा राख्नुहुन्न भनी सम्झाउँछ। आमाले मलाई परिश्रमी बन्न प्रेरणा दिनुभए पनि म उनको सल्लाह खासै सुन्दिनँ ।

**(ख) दिइएको वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

तिमी सधैँ व्यायाम गर्छौ । सबै जना तिम्रो स्वास्थ्यको प्रशंसा गर्छन् । तिमीलाई अहिलेसम्म कुनै रोग लागेको छैन । तिमी आफ्नो स्वास्थ्यप्रति निराश छैनौ ।

**अथवा**

**दिइएका वाक्यहरूलाई प्रत्यक्ष भए अप्रत्यक्ष र अप्रत्यक्ष भए प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(अ) मलाई दुई दिन बस्न राजनले आग्रह गऱ्यो ।

(आ) तिमीले मलाई भन्यौ, “हामी पनि जाऔँला ।”

(इ) साथीले त्यतिखेर के काम गर्नु छ भनी प्रश्न गरे ।

(ई) हामीले भन्यौँ, “उनीहरू चाँडै आउँछन् ।”

९. **दुवै प्रश्नको उत्तर दिनुहोस् :** (४×४=८)

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

नेपाल खुला एवम् बजारोन्मुख अर्थव्यवस्था भएको मुलुक हो । हाम्रो देशले आफ्नै स्रोतसाधनको परिचालन गरी आर्थिक विकास र गरिबी निवारणको वाणिज्य नीति अवलम्बन गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नु र व्यापार व्यवसायको प्रवर्धन गर्नु यसको मूल उद्देश्य रहेको हो । सामान निकासी, पैठारीलाई समयानुकूल बनाई राजस्व सङ्कलन गर्दा देशको अर्थतन्त्रमा टेवा पुग्छ । आफ्नो देशमा उत्पादित जडीबुटी तथा कृषिजन्य वस्तुलाई व्यवस्थापन गरी मुनाफा आर्जन गर्न सकिने ढाँचामा हाम्रो वाणिज्य नीति तय भएको छ । व्यापारघाटा कम गर्न र रोजगारीको सङ्ख्यामा वृद्धि गर्न यस नीतिले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । प्राकृतिक र जैविक विविधताले युक्त यस देशमा पशुपन्छी र वनस्पतिजन्य उत्पादनलाई उचित प्रविधि र जनशक्तिको संयोजनद्वारा निर्यात प्रवर्धन गर्न सकिने सम्भावना टरेको छैन । लघु उद्योग, घरेलु उद्योगलाई प्रोत्साहन गर्दै नेपाली माटो सुहाउँदो अर्थतन्त्र निर्माणतिर लाग्ने हो भने राज्यको राजस्व सङ्कलनमा पनि वृद्धि हुन्छ । देशभित्रै रोजगार सिर्जना गर्नका लागि उद्योग व्यवसाय सञ्चालनार्थ राज्यले निजी क्षेत्रलाई पनि प्रोत्साहित गर्न सके हाम्रो अर्थव्यवस्था मजबुत बन्न पुग्छ । यसरी सरकारले सहजकर्ताको भूमिका निर्वाह गरी उत्प्रेरक र नियामक निकायबाट अनुगमनसमेत गर्दै निजी क्षेत्रको पनि सक्रिय सहभागितामा देशलाई आर्थिक समृद्धिको बाटामा हिँडाउन सक्छ ।

**प्रश्नहरू**

(क) नेपालले कस्तो वाणिज्य नीति अवलम्बन गरेको छ ?

(ख) नेपालको वाणिज्य क्षेत्रमा केकस्ता सम्भावना रहेका छन् ?

(ग) नेपालको अर्थव्यवस्था कसरी मजबुत बन्न सक्छ ?

(घ) ‘राजस्व’ र ‘नियामक’ शब्दको अर्थ के हो ?

**(ख) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

परिवार, समाज र राज्यमा पुरुषको सर्वोच्चता कायम रहनु पितृसत्ता हो। वर्तमान सामाजिक संरचनामा पितृसत्ताले सिर्जना गरेका मूल्यमान्यता र परम्पराहरूबाट समाज, परिवार, समुदाय, राज्य चलिरहेका छन्। पितृसत्तात्मक संरचना पुरुषको वंश परम्परामा आधारित हुन्छ भने महिलाहरू पुरुषको इसारा, आज्ञा, आदर्श र निर्देशनमा चल्छन्। अर्थात्, महिलाहरू पुरुषको अधीनता स्वीकार गर्न बाध्य हुन्छन्। पितृसत्ता केवल पुरुषबाट सञ्चालित नभई महिलाबाट पनि हुने गर्छ। कुनै महिलाले पितृसत्तात्मक मूल्यमान्यताको अभ्यास गर्नु भनेको पनि पितृसत्तात्मक सोचलाई बढावा दिनु नै हो।

मधेसी समाजमा घरको मूली पुरुष हुन्छन् । घरको वंश, अंश, निर्णय लिने र नियन्त्रण गर्ने अधिकार पुरुषमा निहित हुन्छ। यो परम्परा क्रमशः हजुरबुबा, बुबा, छोरा, नाति, पनातिमा हस्तान्तरण हुन्छ। घरको सम्पत्तिमा आमा, पत्नी, छोरी र नातिनीको अधिकार हुँदैन। घरमा कुनै निर्णय लिनुपरे पुरुषको निर्णयलाई नै सर्वोपरि मानिन्छ। कथंकदाचित् कुनै परिवारमा महिलाको नेतृत्व चलेको छ भने समाजमा त्यसलाई ‘मौगियाही परिवार’ भन्दै कटाक्ष गरिन्छ। विवाहका लागि केटा र केटी छनोट गर्ने, कुरा छिन्ने, छेका ( टीकाटालो) मा जाने, जन्ती जाने जस्ता संस्कारमा महिलाको सहभागिता (अपवादबाहेक) वर्जित हुन्छ। मधेसी समुदायमा अझै पनि प्रेम विवाह, अन्तरजातीय विवाहमा छोराछोरीका लागि फरक मापदण्ड पाइन्छ। छोराले प्रेम विवाह वा अन्तरजातीय विवाह गर्दा धेरै हदसम्म स्वीकार हुने तर छोरीले गर्दा घर/समाजको इज्जत जाने ठानिन्छ। पछिल्लो समय शिक्षित एवं सहरिया परिवार केही हदसम्म बदलिए पनि ग्रामीण भेगमा पुरानै सोच कायम छ।

(क) पितृसत्तात्मक संरचना केमा आधारित हुन्छ ?

(अ) पुरुषको सर्वोच्चतामा (आ) पुरुषले सिर्जना गरेका मूल्यमान्यतामा

(इ) पुरुषको वंश परम्परामा (ई) पुरुषको इसारामा

(ख) ‘मौगियाही परिवार’ भनेको कस्तो परिवार हो ?

(अ) महिला सहभागिता भएको परिवार (आ) महिलाको नेतृत्व भएको परिवार

इ) छेकामा जाने परिवार (ई) प्रेमविवाह गर्ने परिवार

(ग) माथिको अनुच्छेदमा ‘सम्’ उपसर्ग र ‘ईण’ प्रत्यय लागेर बनेका शब्द कुन कुन हुन् ?

(अ) संस्कार र निर्णय (आ) समाज र नियन्त्रण

(इ) समुदाय र मापदण्ड (ई) संरचना र ग्रामीण

(घ) पितृसत्तामा केकस्ता अधिकार पुरुषमा निहित हुन्छ ?

(अ) अंश, वंश, निर्णय लिने र नियन्त्रण गर्ने अधिकार

(आ) इसारा, आज्ञा, आदर्श आदेश दिने अधिकार

(इ) विवाहको अधिकार (ई) मृत्युसंस्कारको अधिकार

**१०. अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :** (२+२=४)

हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो । हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र छन् । साकेला, चासोक, च्याब्रुङ र धान नाचमा रमाउने मन हुड्केली, सोरठी र मारुनीमा त्यत्तिकै रमाउँछ । देउडा र घाटुले भौगोलिक सीमा नाघेर बास्ना छरेका छन् । चान्दी, डाँडी, हनुमान् र पञ्चबुद्ध नृत्यहरू हाम्रा मुटुका ढुकढुकी बनेका छन् । शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य सम्पदा छन् । स्याब्रो र तिजीले सखिया, सन्थाल र सरायसँग मितेरी लाउँछन् । भुओ, खैँजडी, बालुन, सँगिनी र लाखे पहाडी सौन्दर्य बनेका छन् । बाली लाउँदा, भित्र्याउँदा, दाइँ गर्दा गाइने गीतहरू पुनर्जीवनको आस गर्दै छन् । गन्धर्व, चर्या, खाँडो र गाथाहरू कुनाकन्दरामा जीवितै छन् । यहाँ भाषाको भण्डार छ । संस्कार, रीतिरिवाज र परम्पराका पारखीहरू हाम्रा गाउँमा भुल्छन्, सहरमा रमाउँछन् । खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन् । मन्दिर, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारा, थान र मार्गास्थानहरू हाम्रा आस्थाका केन्द्र हुन् । हामी भाषा, धर्म, सस्कृति र परम्परामा बहुल छौँ तर आपसमा सहिष्णु छौँ । यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो ।

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागले सर्वसाधारण जनतालाई कोरोना भाइरसविरुद्धको खोप लगाउन जारी गर्ने सार्वजनिक सूचनाको नमुना तयार पार्नुहोस् ।

(ख) नयाँ वर्षका अवसरमा व्यक्तिगत तवरबाट वितरण गरिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) 'बढ्दो जनसङ्ख्याको दुष्परिणाम' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

(ख) कुनै एउटा धार्मिक स्थल भ्रमणको विवरण/घटनालाई समेटी एउटा दैनिकी तयार पार्नुहोस् ।

**१३.** नेपालमा महिलामाथि हुने शारीरिक तथा मानसिक हिंसालाई कसरी नियन्त्रण गर्न सकिएला ? १२५ शब्दसम्ममा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (४)

**१४. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् :** (४×२=८)

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यही छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

**प्रश्नहरू**

(अ) सानीको प्रतीक्षाले उसको कस्तो मनस्थिति देखाउँछ ?

(आ) सानीको जीवनमा केकस्ता उतारचढावहरू देखिन्छन् ?

**(ख) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

योगमाया छुवाछुतरहित, शोषणरहित र भ्रष्टाचाररहित नेपाली समाजको खोजीमा लागिन् र शासकहरूका विरुद्ध विद्रोह गरिन् । उनले योगसाधना, ध्यान, तपस्या, प्रवचन र सामाजिक व्यवहारका माध्यमबाट सती प्रथा, दास प्रथा, छुवाछुत जस्ता कुरीतिबाट मुक्त न्यायपूर्ण समाज निर्माण गर्ने प्रयास गरिन् । तत्कालीन सामान्ती समाजका अगुवाहरूले यसलाई सुनेनन् । समाजमा सचेत विद्रोहको रूपमा रहे पनि पुराना विचारका मान्छेहरूका लागि उनका विचार रुचिकर थिएनन् । सबैतिरबाट आफ्नो विचारलाई नस्विकारिएपछि सामूहिक जलसमाधिका माध्यमबाट विद्रोहको नृतृत्व लिने योगमाया भौतिक जलसमाधिकै मितिदेखि हामीसामु रहिनन् ।

**प्रश्नहरू :**

(अ) योगमायाले केकस्ता माध्यमबाट न्यायपूर्ण समाज निर्माणको प्रयास गरिन् ?

(आ) पुराना विचारका मान्छेलाई योगमायाका विचार किन रुचिकर थिएनन् ?

**(ग) दिइएको नाट्यांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिनँ । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो ।

**प्रश्नहरू**

(अ) यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्विकारेका छन् ?

(आ) यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (८)

(क) 'वीर पुर्खा' कवितामा नेपालीहरूको केकस्तो वीरताको चर्चा गरिएको छ ? समीक्षा गर्नुहोस् ।

(ख) विद्यमान नेपाली संस्कृतिका सबल र दुर्बल पक्ष के के हुन् ? 'संस्कृतिको नयाँ यात्रा' निबन्धका आधारमा विवेचना गर्नुहोस् ।

**१६. दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्ममा नघटाई निबन्ध लेख्नुहोस् :** (८)

(क) जलस्रोतको सदुपयोग

(ख) युवा र स्वरोजगार

(ग) मेरो देश मेरो सर्वस्व ।

*******

## नमुना प्रश्न सेट - ३

१. **दिइएको अनुच्छेदका रेखाङ्कित वर्णहरूको उच्चारण स्थान र प्राणत्व छुट्याई लेख्नुहोस् ।** (३)
योगमाया लैङ्गिक विभेदको पनि कट्टर विरोधी थिइन् । उनी बालविवाहको विपक्षमा उभिन्थिन् तर स्वैच्छिक विधवा विवाहको समर्थन गर्थिन् ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
हेर्नुस् बद्रीजी हामीले खेतमा राशायनिक मल र विषादिको प्रयोग गर्‍यौँ । वालीको ऊत्पादन बढाउने काममा साथीहरूले तपाइँ सँग सल्लाह मागेका छन् ।

३. **अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् ।** (२)
आज उनले मलाई धेरै कुराहरू सोधे । उनले सोधेका कुराहरूमध्ये खासै धेरै बुझिनँ । मैले केमा कुरा भयो भन्ने पनि राम्ररी बुझिनँ । उनले मलाई फोनबाट बाँकी कुरा सुनाए ।

४. **दिइएका प्रश्नको उत्तर दिनुहोस् ।** (२+२=४)

(क) **दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**
क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई नजरले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।

(ख) **दिइएका शब्दहरूलाई शब्दकोशीय क्रममा मिलाई लेख्नुहोस् ।**
व्यवहार, अंश, त्रास, ज्ञान

५. **दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** (३)
हिजोभन्दा आज हरेक सङ्क्रामक रोगको उपचार खोपद्वारा सम्भव हुँदै गएको छ । देशमा कुपोषणबाट मृत्यु हुने बालबालिकाहरूको तथ्याङ्क सार्वजनिक गरिएको अभिलेखबाट थाहा पाउन सकिन्छ ।

**अथवा**

**दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
हुने बिरुवाको चिल्लो पात भने झैँ सबै साथीलाई मेख मार्दै परीक्षामा प्राप्त गरेको स्वप्निलको सफलताबाट उसका अभिभावक खुसीले गद्गद भए । अकबरी सुनलाई कसी लगाउनु पर्दैन भन्दै मेधावी विद्यार्थी स्वप्निलले सबैको नाक राखेकामा आफूलाई धेरै खुसी लागेको कुरा विद्यालयका प्रधानाध्यापकले मुसुमुसु हाँस्दै सबैलाई बताए ।

६. **कुनै दुई प्रश्नको उत्तर दिनुहोस् ।** (२×२=४)

(क) **अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया** देखाउनुहोस् :
प्रमुख राजनीतिक दलहरूले गैरजिम्मेवार बनेर मुलुकलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्य र राष्ट्रिय जिम्मेवारीलाई बुझेर सकेसम्म चाँडै नै निकास दिने काममा केन्द्रित हुनु आवश्यक छ ।

(ख) **अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश छुट्याउनुहोस् :**
देशहितमा लागेका पीताम्बर र नीलकण्ठ आआफ्नो कर्तव्य पूरा गर्दै गाउँबस्तीको उन्नतिमा मनवचनकर्मले लागेका छन् । एकअर्कामा सरसहयोग र मरमदत गर्ने अनि सुखदुःखमा साथ दिन उनीहरूको आनीबानीको छरछिमेकमा मुक्तकण्ठले प्रशंसा हुने गरेको छ ।

(ग) **अनुच्छेदबाट चारओटा सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस् :**
हाम्रो देशको हिमाली सौन्दर्य, प्राकृतिक भूबनोट पुरातात्विक महत्त्वका वस्तुहरूको अवलोकन गर्न विदेशी पर्यटकहरू नेपालमा आउँछन् । उनीहरू नेपालीहरूको आतिथ्य सत्कारबाट हर्षित हुँदै हँसिलो अनुहार लगाई स्वदेशतर्फ फर्कन्छन् ।

७. **दिइएका प्रश्नको उत्तर दिनुहोस् ।** (४)

(क) **दिइएको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
उनले गद्य शैलीमा कविता लेखे । त्यस कवितालाई मेरी माइजूले मन पराउनुभयो । काकी र फुपूले कविता वाचन गरेर सुनाउने इच्छा गर्नुभयो । मैले पनि उहाँहरूसँगै कविता वाचन गरेर सुनाएकी थिएँ ।

(ख) **दिइएको अनुच्छेदलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
मैले गाउँमा पुरानो साथीलाई भेटेँ । हामीले चराहरू र जलचरहरूका बारेमा धेरै बेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । उसका कुरा सुनेर मेरा साथीहरू दङ्ग परे ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** (४)

(क) **तलका गद्यांशबाट दुईओटा उद्देश्य र विधेय तथा दुईओटा उद्देश्य विस्तार र विधेय विस्तार पद पहिचान गरी लेख्नुहोस् :**
प्रतिभाशाली रमा नियमित विद्यालय जान्छे । पढाइका साथै खेलकुदमा पनि रुचि राख्छे । हिजो गुरुले पुरस्कार पनि दिनुभयो । साथीहरूले पनि उसको तारिफ गरे ।

**अथवा**

**दिइएको अनुच्छेदलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**
मेरो आमा पहाडमा बस्छिन् । ऊ असल हुनुहुन्छ । त्यहाँबाट अग्लो हिमालहरू हेर्न पाइन्छ । तिमी पनि हिमाल हेर्न आएको छ ।

(ख) **दिइएको वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी अनुच्छेद**

**पुनर्लेखन गर्नुहोस् :**

उनीहरू सधैं पुस्तक प्रदर्शनीमा जान्छन् । सबैले केही पुस्तकहरू किन्छन् । भिडभाडमा केही पनि खाँदैनन् । उनीहरूलाई कत्ति थकाइ लाग्दैन ।

**अथवा**

**दिइएका वाक्यहरूलाई प्रत्यक्ष भए अप्रत्यक्ष र अप्रत्यक्ष भए प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(अ) मलाई दुई दिन बस्न राजनले आग्रह गऱ्यो ।

(आ) तिमीले मलाई भन्यौ, "हामी पनि जाऔँला ।"

(इ) साथीले त्यतिखेर के काम गर्नु छ भनी प्रश्न गरे ।

(ई) हामीले भन्यौँ, "उनीहरू चाँडै आउँछन् ।"

**९. दुवै प्रश्नको उत्तर दिनुहोस् । (४+४=८)**

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्ने सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । विद्युत् पानीबाटै निकालिन्छ । यस्तो महत्वपूर्ण चमत्कारी पानी सदुपयोग गरे बन्दछ सुखी जिन्दगानी, दुरुपयोग भए दुःखमै बित्छ जिन्दगानी । ठोस, तरल, ग्याँस, राप, ताप, तेजसँगैको ऊर्जाले विश्वमा अविकासका सारा स्वरूपलाई चुनौती दिइरहेको छ । आज हामी आफैँसँगको बिना नचिनेर भौँतारिइरहेको कस्तुरी भैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्नालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उवरा बनाउन सक्छौँ ।

**प्रश्नहरू**

(क) पानीलाई महत्वपूर्ण चमत्कारी किन भनिएको हो ?

(ख) जलस्रोत र उर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ?

(ग) धर्तीलाई उर्वरा बनाउने आधारहरू के के हुन् ?

(घ) राष्ट्र निर्माणमा सिँचाइको कस्तो भूमिका हुन्छ होला ?

**(ख) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रम शक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षता अनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक विप्रेषण आय, सिप, प्रविधि र अनुभव स्वदेशमा भित्र्याइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रहरूमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा पुऱ्याए तापनि दक्ष कामदार १.५ प्रतिशत, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष जनशक्ति विदेशिने हुँदा नेपालले यसबाट पूर्ण लाभ लिन सकिरहेको छैन । नेपाली कामदारको मुख्य गन्तव्यका
रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् । वैदेशिक रोजगार विकासको दीर्घकालीन स्रोत होइन । मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र बिस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।

(क) विप्रेषण शब्दको अर्थ कुन हो ?

(अ) रेमिट्यान्स (आ) तलब (इ) रोजगारी (ई) आम्दानी

(ख) नेपालको अर्थतन्त्रका आन्तरिक पक्षहरू के के हुन् ?

(अ) व्यापार र जडीबुटी (आ) यातायात र शिक्षा

(इ) स्वास्थ्य र रोजगार (ई) कृषि र उद्योग

(ग) विकासको दीर्घकालीन स्रोत के हो ?

(अ) वैदेशिक रोजगारी (आ) सुरक्षित लगानी

(इ) कृषिको आधुनिकीकरण (ई) श्रम स्वीकृति

(घ) नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् ।' भन्ने वाक्यमा 'गन्तव्य' कस्तो शब्द के हो ?

(अ) उपसर्ग व्युत्पन्न (आ) प्रत्यय व्युत्पन्न

(इ) समस्त शब्द (ई) द्वित्व शब्द

**१०. अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश गर्नुहोस् । (२+२ = ४)**

हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो । हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र छन् । साकेला, चासोक, च्याब्रुङ र धान नाचमा रमाउने मन हुड्केली, सोरठी र मारुनीमा त्यत्तिकै रमाउँछ । देउडा र घाटुले भौगोलिक सीमा नाघेर बास्ना छरेका छन् । चान्दी, डाँडी, हनुमान्

र पञ्चबुद्ध नृत्यहरू हाम्रा मुटुका ढुकढुकी बनेका छन् । शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य सम्पदा छन् । स्याब्रो र तिजीले सखिया, सन्थाल र सरायसँग मितेरी लाउँछन् । भुओ, खैँजडी, बालुन, सँगिनी र लाखे पहाडी सौन्दर्य बनेका छन् । बाली लाउँदा, भित्र्याउँदा, दाइँ गर्दा गाइने गीतहरू पुनर्जीवनको आस गर्दै छन् । गन्धर्व, चर्या, खाँडो र गाथाहरू कुनाकन्दरामा जीवितै छन् । यहाँ भाषाको भण्डार छ । संस्कार, रीतिरिवाज र परम्पराका पारखीहरू हाम्रा गाउँमा भुल्छन्, सहरमा
रमाउँछन् । खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन् । मन्दिर, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारा, थान र मार्गास्थानहरू हाम्रा आस्थाका केन्द्र हुन् । हामी भाषा, धर्म, सस्कृति र परम्परामा बहुल छौँ तर आपसमा सहिष्णु छौँ । यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो ।

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

(क) स्थानीय स्वास्थ्य केन्द्रले सर्वसाधारण जनतालाई कोरोना भाइरस विरुद्धको खोप लगाउन जारी गर्ने सार्वजनिक सूचनाको नमुना तयार पार्नुहोस् ।

(ख) कसैको शुभ विवाहका अवसरमा आफन्तजनहरूलाई आमन्त्रण गर्न दिइने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

(क) आफ्नो विद्यालयको वार्षिकोत्सवको सन्दर्भमा आयोजित विविध कार्यक्रमलाई समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

(ख) 'राष्ट्रनिर्माणमा नागरिकको भूमिका' विषयमा १५० शब्दसम्मको वक्तृता तयार पार्नुहोस् ।

**१३. महिलामाथि हुने हिंसालाई कसरी नियन्त्रण गर्न सकिएला ? १२५ शब्दसम्ममा आफ्नो प्रतिकिया लेख्नुहोस् । (४)**

**१४. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् । (४+४=८)**

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

**प्रश्नहरू**

(अ) नेपालीहरूको कस्तो पौरखले नेपालको रचना भएको हो ?

(आ) हाम्रा वीरपुर्खाको गौरव गाथालाई कविताका आधारमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएको नाट्यांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिनँ । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो ।

**प्रश्नहरू**

(अ) यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्विकारेका छन् ?

(आ) यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?

**(ग) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो, गृह हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज ( प्रकाश) यी पाँच तत्व (पञ्चतत्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रो सामु तेर्सिएको छ ।

**प्रश्नहरू**

(अ) पृथ्वी कसरी सबैको साझा घर हुनसक्दछ ?

(आ) पृथ्वीको तात्ने क्रमलाई रोक्न के गर्न सकिन्छ ?

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (८)**

(क) सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस् ।

(ख) 'गाउँको माया' कथामा कस्तो समाजको चित्रण गरिएको छ, समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**१६. दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्ममा नघटाई निबन्ध लेख्नुहोस् । (८)**

(क) नेपालमा जलस्रोतको सम्भावना

(ख) युवा र स्वरोजगार

(ग) मेरो देश : मेरो कर्मभूमि

*****समाप्त*****